बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर नुवाकोट
बागमती प्रदेश, नेपाल

मिति : २०७७/०४/२४

# विज्ञप्ति !

कोरोना भाइरस कोभिड – १९ को संक्रमण बढ्दै गएको वर्तमान अवस्थामा सो को रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार र स्थानीय प्रशासनबाट विभिन्न मितिमा जारी गरिएको निषेधाज्ञा को पूर्ण रुपमा पालना गर्दै जिल्ला COVID - 19 संकट व्यवस्थापन केन्द्र नुवाकोटको बैठकका निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि यो विज्ञप्ति जारी गरिएको छ। यस नगरपालिकाका वडा नं. ५, ७, ८, १०,११,१२ र १३ का सम्पूर्ण क्षेत्र पूर्ण रुपमा निषेध गरिएको हुँदा उक्त स्थानहरुमा देहाय बमोजिमका कार्यहरु गर्न गराउन रोक लगाइएको छ।

- अत्यावश्यक सेवाका साधन, ढुवानीका साधन, अनुमति प्राप्त साधन वाहेक सम्पूर्ण सवारी साधनहरु प्रवेशमा रोक लगाउन,
- अत्यावश्यक उपभोग्य वस्तु विक्री गर्ने खाद्यान्न पसल, पेट्रोल पम्प, ग्याँस डिपो, औषधि पसल बाहेक सम्पूर्ण पसल, उद्योग, व्यवसाय, कल-कारखाना संचालन गर्न (तर खाद्यान्न पसल विहान ६:०० बजेदेखि १०:०० बजेसम्म खोल्न पाइने)
- सबै प्रकारका भेला, सम्मेलन, धार्मिक, सांस्कृतिक, सामाजिक (विवाह, व्रतवन्ध) गतिविधिहरु संचालनमा रोक लगाउन,
- बालबालिका, अशक्त विरामी, जेष्ठ नागरिक र गर्भवती महिलाहरुलाई अत्यावश्यक कार्य बाहेक घर बाहिर ननिस्कन तथा हिंडडुल गर्न
- स्वास्थ्य र अत्यावश्यक सेवाका कार्यालयहरु बाहेक बैंक, वित्तीय संस्था, सहकारी सहित सबै अत्यावश्यक बाहेकका सरकारी, निजी तथा गैरसरकारी क्षेत्रका कार्यालयबाट प्रदान हुने नियमित सेवा संचालन गर्न
- औषधी उपचार, खाद्य वस्तु खरिद, आफ्नै खेतबारीमा कृषिजन्य कार्य गर्ने जस्ता आवश्यक काममा बाहेक कुनै पनि व्यक्ति घर बाहिर निस्कन ....आदि !

सो बाहेकका यस नगरपालिका अन्तर्गतका १,२,३,४,६ र ९ नं. वडा समेत धादिङ जिल्ला र यस नगरपालिका संग सिमाना जोडिएका ककनी, विदुर लगायतका स्थानीय तहको प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्कमा रही कोरोना संक्रमणको उच्च जोखिममा रहेको हुँदा त्यस्ता सिमानाहरुमा कडाईका साथ आवतजावतमा रोक लगाई उक्त वडाहरुमा समेत माथि उल्लेखित कार्यहरु प्रभावकारी रुपमा पालना गर्न सम्पूर्णमा अनुरोध गर्दछु। उपत्यका लगायत संक्रमणको उच्च जोखिम – Red Zone भनिएका स्थानहरुबाट नगरपालिका प्रवेश गरेका व्यक्तिहरुलाई वडा समन्वय समितिको निगरानीमा मापदण्ड बमोजिमको अवधिभर Home – Quarantine बस्न- बस्न लगाउन हुन र यस नगरपालिका अन्तर्गतका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरुमा अन्यत्र नजान र कार्यालय काम काजको सिलसिलामा जानु परेमा सुरक्षित तवरले स्वास्थ्य संस्थाको प्रोटोकल पूर्ण रुपमा पालना गर्दै नगरपालिकाको आवश्यकता अनुसार Stand- by रहन जानकारी गर्दछु।

साथै, यस विषम परिस्थितिमा बेलकोटगढी नगरपालिकाका जनताको जीवन रक्षार्थ पूर्ण रुपमा प्रतिवद्ध र तयारी अवस्थामा रहेको व्यहोरा अवगत गराउंदै सम्पूर्ण जनसमुदायमा नेपाल सरकारद्वारा जारी जनस्वास्थ्य मापदण्ड पालना गर्दै उच्च नैतिक मनोबल, दृढ विश्वासका साथ कतिपनि विचलित नभई यो संकटको घडीमा हामी जिम्मेवार बनि सम्भावित जोखिमबाट आफु बाँच्न र अरुलाई पनि बंचाउन आग्रह गर्दछु।

(राजेन्द्र रमण खनाल)
नगर प्रमुख

राजेन्द्र रमण खनाल
प्रमुख